**गण्डकी प्रदेश सभा**

**दशौं अधिवेशन**

**बैठक संख्या -२४**

**सूचनापत्र — २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति: २०८३ साल भाद्र १० गते विहीबार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको **१:५५** बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले रसुवास्थित भोटेकोशी नदीमा अकस्मात् आएको ठूलो बाढीका कारण भोटेकोशी, त्रिशूली तथा नारायणी नदीको तटीय क्षेत्रमा उत्पन्न जोखिम र विपद्का कारण जनजीवनमा परेको प्रभावप्रति गण्डकी प्रदेश सभाको तर्फबाट दुःख व्यक्त गर्नुभयो ।साथै यस विपद्बाट प्रभावित तथा घाइते हुनुभएका नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता नागरिकहरूको तत्काल खोजी तथा उद्धार गर्नुका साथै प्रभावित नागरिकहरूको उपचार, राहत तथा सुरक्षित स्थानमा स्थानान्तरण र पुनःस्थापनाका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय तथा अन्य सम्बन्धित निकायहरूलाई आवश्यक सम्पूर्ण उपाय अवलम्बन गर्न ध्यानाकर्षण गराउनुभयो । विपद्को जोखिम अझै कायम रहेकाले नदी तथा तटीय क्षेत्रका नागरिकहरूलाई सुरक्षित स्थानमा रही उच्च सतर्कता अपनाउन, जोखिमयुक्त स्थानमा नजान तथा स्थानीय प्रशासन र सुरक्षा निकायबाट जारी हुने सूचना, निर्देशन तथा सुरक्षा मापदण्डको पूर्ण पालना गर्न अनुरोध गर्नुभयो ।साथै, यस विपद्को समयमा उच्च मनोबल, आपसी समन्वय र जिम्मेवारीबोधका साथ खोजी, उद्धार, उपचार तथा राहत कार्यमा सक्रिय रूपमा परिचालित हुन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, स्वयम्सेवक तथा सम्बन्धित सबै पक्षलाई आग्रह गर्नुभयो ।यस विपद्को घडीमा प्रभावित नागरिकहरूको जीवनरक्षा र राहत तथा उद्धार कार्यलाई सर्वाधिक प्राथमिकतामा राखी आवश्यक स्रोत, साधन र जनशक्तिको प्रभावकारी परिचालन गर्न सम्बन्धित सबै निकायको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात माननीय सभामुखले आजको लागि निर्धारित गरिएको कार्यसूचीको क्रम संख्या एक र दुईको विषय कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो ।

तत्पश्चात गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका माननीय सभापति श्री दमयन्ती रुचालले समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेशमा खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले सभाको अर्को बैठक २०८३ साल भदौ ११ गते बिहान ११:०० बजे बस्ने गरी आजको बैठक दिनको **२:०७** बजे स्थगित गर्नुभयो।

.................

**(गोविन्द पौडेल)**

**प्रदेश सभा सचिव**